राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक २६६ २०८३ वैशाख १७ गते बिहिवार (30 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## सरकारलाई अध्यादेश फिर्ता गर्न विपक्षी दलहरूको आग्रह

दैनिक समाचारदाता
जनकपुरधाम, १६ वैशाख । विपक्षी दलहरूले सरकारलाई अध्यादेश फिर्ता गर्न आग्रह गरेका छन् ।

प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको संसदीय दलको कार्यालयमा आज बसेको विपक्षी दलहरूको बैठकले सरकारले ल्याउन लागेको अध्यादेश फिर्ता गरी तत्काल संसद् अधिवेशन बोलाउन माग गर्ने निर्णय गरेको नेपाली काँग्रेसका प्रमुख सचेतक बासना थापाले जानकारी दिनुभयो ।

बैठकले सरकारले संसद् छलेर ल्याएको अध्यादेश अविलम्ब फिर्ता लिन र तत्काल संसद् अधिवेशन आव्हान गर्न पनि माग गरेको छ ।

यसैगरी सरकारले राष्ट्रपति समक्ष सिफारिस गरेको अध्यादेश स्वीकृत नगर्न पनि बैठकले राष्ट्रपति रामचन्द्र पौडेललाई आग्रह गरेको छ ।

बैठकमा नेपाली काँग्रेस, नेकपा एमाले, नेपाली कम्युनिष्ट पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरूको उपस्थिति रहेको थियो ।

सरकारले हिजो संवैधानिक परिषद् र सहकारी सम्बन्धी अध्यादेश जारी गर्न राष्ट्रपतिसमक्ष सिफारिस गरेको थियो ।

## प्रतिकूल मौसमका कारण हवाई उडान प्रभावित



काठमाडौँ १६ वैशाख । प्रतिकूल मौसमका कारण आज दिउँसोदेखि हवाई उडान प्रभावित बनेको छ । काठमाडौँसहित देशका विभिन्न ठाउँमा भएको प्रतिकूल मौसमका कारण त्रिभुवन विमानस्थलको आन्तरिकतर्फको उडान प्रभावित बनेको विमानस्थलका महाप्रबन्धक टेकनाथ सिटौलाले जानकारी दिए ।उनका अनुसार अहिले सिमरा, पोखरा, विराटनगर र भैरहवाको उडानमा ढिलाइ भइरहेको छ । त्रिभुवन विमानस्थल कार्यालयका अनुसार प्रतिकूल मौसमका कारण अन्तरराष्ट्रिय क्षेत्रबाट आएका केही जहाज पनि अहिले आकाशमा होल्डमा छन् । मौसममा सुधार आएसँगै आन्तरिकतर्फका सबै उडान पुनः सुरु हुने कार्यालयले जनाएको छ । रासस

### इन्धन मूल्यवृद्धिको असर

## फेरि बढ्यो सार्वजनिक यातायातको भाडा

*इन्धनको मूल्यवृद्धिसँगै सरकारले अन्तरप्रदेश सार्वजनिक यातायात र मालवाहक सवारीको भाडा ५ प्रतिशतले बढाएको छ । नयाँ दर बुधबारदेखि लागू भएको हो । डिजेल महँगिएपछि सञ्चालन खर्च बढेको भन्दै भाडा समायोजन गरिएको विभागको भनाइ छ । बारम्बारको भाडावृद्धिले सर्वसाधारण थप आर्थिक मारमा परेका छन् भने विद्युतीय सवारीलाई भाडा बढाउन रोक लगाइएको छ ।*

दैनिक समाचारदाता
काठमाडौं १६ वैशाख । इन्धनको मूल्य लगातार बढ्दै गएपछि सरकारले फेरि सार्वजनिक यातायातको भाडा वृद्धि गरेको छ । यातायात व्यवस्था विभागले अन्तरप्रदेशमा सञ्चालन हुने सार्वजनिक सवारीसाधन तथा मालवाहक गाडीहरूको भाडा बुधबारदेखि लागू हुने गरी ५ प्रतिशतले बढाएको जनाएको हो ।

विभागका अनुसार अन्तरप्रदेश यात्रुवाहक सवारी, पहाडी क्षेत्रमा सञ्चालन हुने मालवाहक सवारी तथा तराई क्षेत्रमा सञ्चालन हुने मालवाहक सवारी साधनमा समान रूपमा ५(५ प्रतिशतका दरले भाडा समायोजन गरिएको छ । नयाँ भाडादर आजैदेखि लागू भइसकेको विभागले स्पष्ट पारेको छ ।



यातायात व्यवस्था विभागले इन्धनको मूल्यमा भएको निरन्तर वृद्धिका कारण सवारी सञ्चालन लागत बढेकाले भाडा समायोजन गर्नुपरेको जनाएको छ । विभागका अधिकारीहरूका अनुसार डिजेलको मूल्य बढेपछि यातायात व्यवसायीहरूले लामो समयदेखि भाडा समायोजनको माग गर्दै आएका थिए ।

यसअघि पनि गत चैत २५ गते सार्वजनिक यातायातको भाडा वृद्धि गरिएको थियो । छोटो अवधिमै पुनः भाडा बढाइएपछि यात्रुहरू थप आर्थिक भारमा परेका छन् । दैनिक रूपमा लामो दूरी यात्रा गर्ने सर्वसाधारण, विद्यार्थी, मजदुर तथा कर्मचारीहरू सबैभन्दा बढी प्रभावित हुने देखिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले १२ वैशाखमा भाडा वृद्धि गर्न विभागलाई सहमति दिएको थियो । मन्त्रालयको स्वीकृतिपछि विभागले नयाँ भाडादर लागू गरेको जनाएको छ ।

हाल नेपालमा डिजेलको मूल्य प्रतिलिटर २३५ रुपैयाँ ८३ पैसा पुगेको विभागले उल्लेख गरेको छ । डिजेलको मूल्य वृद्धिसँगै यातायात व्यवसायीहरूले सञ्चालन खर्च धान्न कठिन भएको भन्दै पटक(पटक भाडा समायोजनको माग गर्दै आएका छन् ।

यद्यपि विभागले विद्युतीय सवारीसाधनलाई भने भाडा वृद्धि गर्न नपाइने स्पष्ट निर्देशन दिएको छ । विद्युतीय सवारीसाधनको सञ्चालन खर्च तुलनात्मक रूपमा कम हुने भएकाले उनीहरूलाई पुरानै भाडादर कायम गर्न भनिएको विभागको भनाइ छ ।

यदि कुनै विद्युतीय सवारीसाधनले मनपरी रूपमा भाडा बढाएको पाइए कानुनी कारबाही गरिने विभागले चेतावनी दिएको छ । यात्रुहरूबाट बढी भाडा असुली भएमा सम्बन्धित निकायमा उजुरी गर्न पनि विभागले आग्रह गरेको छ ।

बारम्बार सार्वजनिक यातायातको भाडा बढ्न थालेपछि सर्वसाधारणले सरकारप्रति असन्तुष्टि व्यक्त गर्न थालेका छन् । बजारमा दैनिक उपभोग्य वस्तुको मूल्य पहिल्यै बढिरहेका बेला यातायात खर्चसमेत महँगो हुँदा यसको प्रत्यक्ष असर आम नागरिकको दैनिक जीवनमा पर्ने देखिएको छ ।

## सबै सुकुमवासी बस्तीमा शुक्रबारबाट डोजर चल्ने

दैनिक समाचारदाता
काठमाडौं, १६ वैशाख । 'काठमाडौं जिल्ला भित्रका विभिन्न पालिकाहरुका नदि किनाराका बस्ती एंव सरकारी, पर्ति, सार्वजनिक वा व्यक्तिको निजी स्वामित्वमा जग्गा समेत अतिक्रमण गरी अनाधिकृत तबरबाट बर्षौदेखि वसोवास भै आएका बस्तीहरू मानवीय रुपमा उद्वार गर्न एवं विपदको जोखिम समेत मध्यनजर गरी खाली गर्ने कार्य काठमाडौं जिल्ला भरी मिति २०८३ वैशाख १८ गते विहान ७:०० बजे देखि एकै पटक विभिन्न स्थानहरुबाट सुरु हुनेछ,' प्रशासनले भनेको छ ।

यसअघि काठमाडौंको थापाथली, गैरीगाउँ, सिनामंगल, मनोहराका बस्ती खाली गराइएको थियो । बस्ती खाली हुने क्षेत्रका बासिन्दालाई प्रशासनले विभिन्न १३ विभिन्न कार्य तत्काल गर्न भनेको छ ।

## तीन प्रदेशमन्त्रीसहित सात सांसदसँग कांग्रेसले माग्यो स्पष्टीकरण




दैनिक समाचारदाता
काठमाडौं, १६ वैशाख । नेपाली कांग्रेसको केन्द्रीय अनुशासन समितिले तीन जना प्रदेश सरकारका मन्त्रीसहित सात प्रदेश सांसदसँग स्पष्टीकरण मागेको छ । बुधबार बसेको अनुशासन समितिको वैठकले प्रतिनिधिसभा निर्वाचनमा आधिकारिक उम्मेदवारलाई असहयोग गरेको भन्दै ती नेताहरूसँग स्पष्टीकरण मागेको हो ।

स्पष्टीकरणमा परेका नेतामा मन्त्रीहरूमा लुम्बिनी प्रदेशका वनमन्त्री देवकरणप्रसाद कलवार (महासमिति सदस्य), कोशी प्रदेशका मन्त्री प्रदीप सुनुवार( पूर्व केन्द्रीय सदस्य) र लुम्बिनी प्रदेशका यातायात तथा पर्यटन मन्त्री प्रचण्डविक्रम न्यौपाने छन् । अन्य प्रदेश सांसदमा लुम्बिनी प्रदेश सभाका सांसद( प्रदेश उपसभापति) राजु खनाल, मधेश प्रदेशका सांसदहरू जंगीलाल राय, सकुन्तीदेवी महरा र कौशलकिशोर रायसँग पनि स्पष्टीकरण सोधिएको कांग्रेस केन्द्रीय कार्यालयका कार्यवाहक मुख्यसचिव कृष्णप्रसाद दुलालले जानकारी दिए ।उनीहरूलाई पाँच दिनभित्र स्पष्टीकरण बुझाउन भनिएको छ ।

अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# ट्राफिक नियम उल्लङ्घन बढ्दो चुनौती सचेतना र जिम्मेवारी दुवै आवश्यक

काठमाडौं उपत्यकामा पछिल्लो चौबीस घण्टामा मात्रै दुई हजार ७४६ सवारी चालक ट्राफिक कारबाहीमा परेका छन् । मादक पदार्थ सेवन गरेर सवारी चलाउनेदेखि रातोबत्ती उल्लङ्घन, तीव्र गति, लेन मिच्ने तथा फुटपाथ प्रयोग गर्ने चालकसम्म कारबाहीमा परेका तथ्यांकले हाम्रो सडक संस्कृतिको गम्भीर अवस्था उजागर गरेको छ । ट्राफिक प्रहरीले यस अवधिमा झन्डै ३० लाख रुपैयाँ राजस्वसमेत संकलन गरेको छ । तर प्रश्न उठ्छ, जरिवाना उठाउनु नै समाधान हो ?

आज सडकमा देखिएको अराजकता केवल कानुन उल्लङ्घनको विषय मात्र होइन, यो सामाजिक चेतना, अनुशासन र जिम्मेवारीको संकट पनि हो । विशेषगरी मादक पदार्थ सेवन गरेर सवारी चलाउने ७९ चालक पक्राउ पर्नु अत्यन्त चिन्ताजनक विषय हो । मापसे गरेर सवारी चलाउनु आफैंलाई मात्र होइन, सडकमा हिँड्ने हजारौं निर्दोष नागरिकको जीवनलाई जोखिममा पार्नु हो ।

नेपालमा सडक दुर्घटनाको एउटा मुख्य कारण नै लापरवाहीपूर्ण सवारी चलाउने प्रवृत्ति बन्दै गएको छ । तीव्र गति, मोबाइल प्रयोग, ट्राफिक संकेतको बेवास्ता तथा नियम उल्लङ्घनलाई सामान्य ठान्ने मानसिकताले दुर्घटनाको जोखिम बढाएको छ । अझ कतिपय चालकमा "जरिवाना तिरेर छुटिहालिन्छ" भन्ने सोच विकास हुनु झन् खतरनाक हो ।

ट्राफिक प्रहरीले निरन्तर चेकजाँच र कारबाही गरिरहेको भए पनि दुर्घटना र नियम उल्लङ्घनको संख्या घट्न सकेको छैन । यसको अर्थ केवल कारबाहीले मात्र सुधार सम्भव छैन । ट्राफिक व्यवस्थापनसँगै व्यापक जनचेतना अभियान पनि आवश्यक छ । विद्यालय, कलेज, सार्वजनिक सवारी संस्था तथा स्थानीय तहसम्म ट्राफिक शिक्षा विस्तार गर्न जरुरी देखिन्छ ।

विशेषगरी युवापुस्तामा मोटरसाइकल तीव्र गतिमा चलाउने, स्टन्ट गर्ने तथा सामाजिक सञ्जालका लागि जोखिमपूर्ण भिडियो बनाउने प्रवृत्ति बढ्दो छ । यस्तो प्रवृत्तिले दुर्घटनालाई निम्त्याउने मात्र होइन, परिवार र समाजलाई दीर्घकालीन पीडा पनि दिन्छ । सडक मनोरञ्जन गर्ने स्थान होइन, जिम्मेवारीपूर्वक यात्रा गर्ने माध्यम हो भन्ने चेतना विकास गरिनुपर्छ ।

त्यस्तै, यात्रु स्वयं पनि सचेत हुन आवश्यक छ । ट्राफिक प्रहरीले यात्रुलाई मादक पदार्थ सेवन गरेका चालक देखिए तत्काल प्रहरी वा ट्राफिक हटलाइनमा खबर गर्न आग्रह गरेको छ । यो सकारात्मक कदम हो । सडक सुरक्षामा प्रहरी मात्र होइन, आम नागरिकको पनि उत्तिकै भूमिका हुन्छ ।

सडक दुर्घटनामा हरेक वर्ष हजारौं नेपालीले ज्यान गुमाइरहेका छन् भने धेरै घाइते र अपांग भइरहेका छन् । यस्ता दुर्घटनाले परिवारको आर्थिक, मानसिक र सामाजिक अवस्था तहसनहस बनाइदिन्छ । त्यसैले ट्राफिक नियम पालना गर्नु कुनै बाध्यता होइन, जीवन रक्षाको आधार हो ।

राज्यले पनि सडक पूर्वाधार, संकेत प्रणाली, पैदल यात्रु सुरक्षा तथा सार्वजनिक यातायात व्यवस्थापनमा ध्यान दिनुपर्छ । सडक सुरक्षित भए मात्र नागरिक सुरक्षित हुन्छन् ।

अन्ततः, ट्राफिक नियमलाई डरले होइन, चेतनाले पालना गर्ने संस्कार विकास गर्नुपर्छ । नियम उल्लङ्घन गरेर केही मिनेट समय बचाउन खोज्दा जीवनभरको पश्चाताप निम्तिन सक्छ । सुरक्षित सडकका लागि चालक, यात्रु, प्रहरी र राज्य–सबैको साझा जिम्मेवारी र सहकार्य अपरिहार्य छ ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

# संविधान संशोधनः सबै पक्षसँग संवाद अनिवार्य



केदार खड्का

मुलुकमा यतिबेला जेनजी आन्दोलनको पृष्ठभूमिमा २१ फागुनमा भएको प्रतिनिधिसभा सदस्य निर्वाचनबाट करिब दुईतिहाइ बहुमत ल्याउन सफल रास्वपा नेतृत्वको सरकार छ।

रास्वपाले निर्वाचनअघि आफ्नो बाचापत्र मार्फत संविधान संशोधन लगायतका मुद्दा अघि सारेको थियो। त्यसैअनुसार रास्वपा वरिष्ठ नेता बालेन्द्र शाह नेतृत्वको सरकारले संविधान संशोधनको बहसपत्र तयार पार्न सो पार्टीका नेता तथा पूर्वसांसद असिम शाहको नेतृत्वमा एउटा कार्यदल बनाएको छ। यससँगै मुलुकमा पुनः एकपटक संविधान संशोधनको बहस तातेको छ।

नेपालमा संविधान संशोधन अब केवल संसद्भित्र सीमित विषय रहेन; यो सडक, समाज र प्रविधि-युगको साझा परीक्षा बनेको छ। यसले संविधान संशोधनको बहसलाई फेरि निर्णायक मोडमा पुऱ्याएको छ। कार्यदल गठनसँगै यो विषय दलगत तयारीको घेराबाट बाहिरिएर राष्ट्रिय एजेन्डामा रूपान्तरित भएको छ। अब यो बहस राष्ट्रिय सहमति, राजनीतिक परिपक्वता र संवैधानिक जिम्मेवारीको कठोर परीक्षण शुरु भएको छ।

तर संविधान संशोधनलाई केवल संसद्मा प्रतिनिधित्व गर्ने दलहरूको विषयका रूपमा बुझ्नु पर्याप्त हुँदैन। संसद्भित्रका शक्ति, संसद् बाहिरका राजनीतिक आवाज, सडकमा सक्रिय जनआन्दोलन, बुद्धिजीवी, स्थानीय विचारनिर्माता, अधिकारकर्मी र प्रविधि-युगका चुनौतीलाई समेटेर मात्र यसको सार्थकता स्थापित हुन्छ।

संविधान कुनै दलको घोषणापत्र होइन, न त क्षणिक सत्ता-सम्झौताको दस्तावेज हो। यो राज्य सञ्चालनको आधारभूत खाका हो, त्यसैले यसको संशोधन पनि संकीर्ण राजनीतिक अंकगणित होइन, व्यापक सामाजिक विमर्श, नागरिक सहभागिता र दूरदृष्टिपूर्ण निर्णयबाट मात्र सम्भव हुन्छ।

संविधान संशोधनलाई सतर्कतापूर्वक अघि बढाइएन भने यसले शासकीय स्वरूपमै उथलपुथल ल्याउन सक्छ। यसले वैकल्पिक राजनीतिक व्यवस्थाको बहसलाई अनियन्त्रित रूपमा खोलिदिने जोखिम पनि रहन्छ। त्यसैले संशोधन आवश्यक भए पनि यसको प्रक्रिया संयमित, समावेशी र सहमतिमूलक हुनुपर्छ। दुईतिहाइ बहुमतको बलमा मात्र गरिएको संशोधन दीर्घकालीन रूपमा स्वीकार्य नहुन सक्छ। संविधान जस्तो आधारभूत दस्तावेजमा परिवर्तन गर्दा बृहत्तर सहमति, संवाद र सहकार्य अनिवार्य हुन्छ।

हाल संविधान संशोधनका सन्दर्भमा केही प्रमुख विषयहरू सतहमा आएका छन्। पहिलो, शासन प्रणालीअन्तर्गत संघ, प्रदेश र स्थानीय तहबीच अधिकार बाँडफाँटको पुनरावलोकन। दोस्रो, शासन व्यवस्थासँग सम्बन्धित जनप्रतिनिधित्वको संरचना–जसमा जनप्रतिनिधिको संख्या र निर्वाचन प्रणाली दुवै समावेश छन्।

नेपालको भूगोल, जनसंख्या र स्रोत-साधनको आधारमा जनप्रतिनिधिको संख्या बढी भएको भन्ने धारणा बढ्दो छ। त्यस्तै, निर्वाचन प्रणाली अत्यधिक खर्चिलो हुनुका साथै अस्थिर परिणाम देखिएको छ, जसले सुधारको आवश्यकतालाई स्पष्ट्याउँछ। त्यसैगरी कार्यकारी र व्यवस्थापकीय अधिकारको संघीय संरचना स्पष्ट भए पनि न्यायपालिकाको संरचना अझै केन्द्रीकृत देखिन्छ। प्रदेश र स्थानीय तहले कानून निर्माण गरे पनि ती कानून कार्यान्वयन गर्ने अभियोजन अधिकार पर्याप्त रूपमा विकेन्द्रीकृत छैन। यसले संघीयताको व्यावहारिक कार्यान्वयनमा चुनौती सिर्जना गरेको छ।

न्यायपालिकाको संरचना, मुख्य न्यायाधिवक्ताको भूमिका, न्यायपरिषद् र संवैधानिक परिषद्को कार्यशैली पनि विवादको विषय बनेका छन्। यिनको पुनरावलोकनको माग बलियो हुँदै गएको छ। साथै निर्वाचन प्रणालीलाई अझ समावेशी, प्रभावकारी र खर्च-नियन्त्रित बनाउने बहस पनि तीव्र छ।

उपराष्ट्रपतिलाई राष्ट्रिय सभाको अध्यक्ष बनाउने प्रस्तावले पनि समर्थन बटुलिरहेको देखिन्छ। यी सबै विषयमा स्पष्टता ल्याउन राजनीतिक दलहरूले साझा एजेन्डा तय गर्नुपर्नेछ, र असहमतिका विषयलाई खुला छलफलमा लैजानुपर्नेछ।

नेपालको संविधान २०७२ ले संघीयता, गणतन्त्र, समावेशिता र मौलिक अधिकारलाई संस्थागत गरेको ऐतिहासिक उपलब्धि हो। तर दशकभन्दा बढीको अभ्यासले केही व्यवस्थाहरू व्यवहारमा कमजोर, अस्पष्ट वा असन्तुलित देखिएका छन्। केही अपवाद बाहेक, नेपालको निर्वाचन प्रणाली महँगो हुनुका साथै राजनीतिक अस्थिरताको जड बन्ने गरेका छन्।

संघीयताको कार्यान्वयनमा अधिकार र जिम्मेवारी बीच द्वन्द्व देखिएको छ। नागरिकता सम्बन्धी विवाद निरन्तर रहँदै आएको छ। साथै, राज्यका विभिन्न अंगबीच शक्ति सन्तुलनबारे नयाँ प्रश्नहरू उठेका छन्। यी समस्याहरूको समाधान संविधान संशोधन मार्फत सम्भव छ। तर संशोधनको उद्देश्य सत्ता नियन्त्रण होइन, राज्यलाई नागरिकप्रति बढी उत्तरदायी, समावेशी र सक्षम बनाउनु हुनुपर्छ। संविधान संशोधनको मर्म संकीर्ण राजनीतिक फाइदाभन्दा माथि उठेर राष्ट्रिय हितमा केन्द्रित हुनुपर्छ।

संविधान संशोधनको जिम्मेवारी केवल संसद्मा सीमित छैन। संसद् बाहिरका दलहरू, सामाजिक अभियन्ता, विज्ञ, कानूनविद्, पत्रकार र नागरिक समाजको भूमिका पनि उत्तिकै महत्त्वपूर्ण छ। संविधानका प्रावधानहरू केवल कागजी होइनन्, तिनले गाउँदेखि शहरसम्म, शिक्षा, न्याय, उद्योग, श्रम र नागरिक जीवनका सबै पक्षमा प्रत्यक्ष प्रभाव पार्छन्। त्यसैले संशोधन प्रक्रिया खुला, समावेशी र व्यापक संवादमा आधारित हुनुपर्छ।

स्थानीय अनुभव, क्षेत्रगत असन्तुष्टि, समुदायगत सरोकार र नागरिक अधिकारका आवाजलाई समेट्नु सफल संशोधनको आधार हो। यदि सरकारले संविधान संशोधनलाई लोकतान्त्रिक सहकार्यको अवसरका रूपमा लिन्छ भने त्यो सहकार्य संसद्मै सीमित हुनुहुँदैन।

उज्यालो नेपाल पार्टी सुशासन, समृद्धि र सामाजिक न्यायप्रति प्रतिबद्ध राजनीतिक शक्ति हो। त्यसैले संविधान संशोधनको ऐतिहासिक प्रक्रियामा यसको सहभागिता र सहकार्य स्वाभाविक दायित्व हो। यदि सरकार संसद् बाहिरका दलहरूसँग सहकार्य गर्न इच्छुक छ भने उज्यालो नेपाल पार्टी त्यसका लागि सधैं तयार छ। यो केवल समर्थनको अभिव्यक्ति होइन, सहभागितामूलक लोकतन्त्रप्रतिको स्पष्ट प्रतिबद्धता हो।

अन्य राजनीतिक दलहरू पनि सहकार्यप्रति सकारात्मक देखिनुले राष्ट्रिय सहमतिको सम्भावना अझ प्रबल भएको छ। तर सरकारले सफलताको श्रेय मात्र लिन खोज्ने होइन, असफलताको जिम्मेवारी पनि वहन गर्न तयार हुनुपर्छ। साझा प्रयासबाट प्राप्त उपलब्धि सबैको हुन्छ, र कमजोरी पनि साझा रूपमा स्वीकार गर्नुपर्छ।

आजको संविधान संशोधन बहस केवल परम्परागत राजनीतिक विषयमा सीमित छैन। विश्व तीव्र रूपमा बदलिंदै छ। कृत्रिम बौद्धिकता, डिजिटल शासन, डाटा सुरक्षा, साइबर सुरक्षा र स्वचालनले राज्य सञ्चालनको स्वरूप नै परिवर्तन गरिरहेका छन्। यस सन्दर्भमा संविधानले भविष्यका चुनौतीलाई सम्बोधन गर्न सक्षम हुनुपर्छ।

डिजिटल सेवा विस्तार हुँदै जाँदा नागरिकको डाटा सुरक्षा कसरी सुनिश्चित गर्ने, एल्गोरिदममा आधारित निर्णयलाई पारदर्शी कसरी बनाउने, प्रविधिको पहुँच नभएका नागरिकलाई कसरी समेट्ने, र कृत्रिम बौद्धिकताका अवसर र जोखिमलाई कसरी सन्तुलन गर्ने, यी सबै वर्तमानका चुनौती हुन्। त्यसैले संशोधित संविधान प्रविधिमैत्री, नवप्रवर्तन-अनुकूल र डिजिटल अधिकारप्रति संवेदनशील हुनुपर्छ।

नेपालको संसदीय प्रणालीले लोकतान्त्रिक मूल्यहरूको संरक्षण गरेको छ, तर स्थिर सरकार दिन नसकेको आलोचना पनि हुँदै आएको छ। कार्यकारी अधिकार, उत्तरदायित्व र नियन्त्रण बीच सन्तुलनको पुनरावलोकन आवश्यक छ। बहस प्रत्यक्ष निर्वाचित कार्यकारीतर्फ मोडिन सक्छ वा संसदीय प्रणालीभित्रै सुधार खोजिन सक्छ।

निर्वाचन प्रणाली समावेशी भए पनि अत्यधिक खर्चिलो र पटक-पटक अस्थिर देखिएको छ। मतदाता र प्रतिनिधिबीचको सम्बन्ध कायम राख्दै परिणामलाई प्रभावकारी बनाउने संवैधानिक संरचना आवश्यक छ। नागरिकता केवल कानूनी कागज होइन, यो पहिचान र अधिकारको आधार हो। यस सम्बन्धी विवादलाई मानवीय संवेदनशीलता र राष्ट्रिय हितबीच सन्तुलन राखेर समाधान गर्नुपर्छ।

संघ, प्रदेश र स्थानीय तहबीच अधिकार स्पष्ट नभएसम्म संघीयता प्रभावकारी हुन सक्दैन। स्रोत, जिम्मेवारी र जवाफदेही एउटै तहमा समन्वय हुनुपर्छ। साथै महिला, दलित, मधेशी, थारू, आदिवासी-जनजाति, मुस्लिम, अपांगता भएका नागरिक र अन्य सीमान्तकृत समुदायको प्रभावकारी प्रतिनिधित्व सुनिश्चित गर्न संरचनागत सुधार आवश्यक छ।

केवल कोटा होइन, निर्णायक पहुँच सुनिश्चित हुनुपर्छ। त्यसैगरी नियुक्ति प्रक्रिया पारदर्शी, योग्यता-आधारित र राजनीतिक हस्तक्षेपमुक्त हुनुपर्छ। संवैधानिक परिषद्, न्यायपरिषद् लगायत निकायहरूको पुनरावलोकन अपरिहार्य देखिन्छ।हाल संसद्मा संविधान संशोधनका लागि आवश्यक दुईतिहाइ बहुमत नजिकको अवस्था छ। यो ऐतिहासिक अवसर हो। तर बहुमत मात्र पर्याप्त हुँदैन; बहसको गहिराइ, सहमतिको चौडाइ र प्रस्तावको गुणस्तर पनि उत्तिकै महत्त्वपूर्ण हुन्छ।

यदि यो अवसरलाई सीमित राजनीतिक स्वार्थका लागि प्रयोग गरियो भने संशोधन अधुरो र विवादास्पद बन्न सक्छ। तर सबै पक्षलाई समेटेर अघि बढाइयो भने यो संविधानलाई नयाँ उचाइमा पुऱ्याउने ऐतिहासिक उपलब्धि बन्न सक्छ। सजिलो संशोधनभन्दा सही संशोधन अहिलेको प्राथमिकता हुनुपर्छ।

अन्त्यमा, संविधान संशोधन कुनै एक दलको एजेन्डा होइन; यो राष्ट्रको साझा पुनर्विचार हो। संसद्, सडक, नागरिक समाज, बुद्धिजीवी र प्रविधि-युगका चुनौतीलाई समेटेर मात्र यसको सार्थकता स्थापित हुन्छ। यदि संशोधनले जनताको आवाज, समावेशी राजनीति, आधुनिक प्रविधि र सक्षम शासनलाई एकै सूत्रमा बाँध्न सक्यो भने त्यो केवल कानूनी परिवर्तन होइन– राष्ट्रिय रूपान्तरण हुनेछ। *(खड्का, उज्यालो नेपाल पार्टीका सचिव हुन्।)*

# आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१–५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा–१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१–५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१–५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१–५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१–५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१–५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१–५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१–५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१– |
| मुजेलिया प्रहरी चौकी | ०४१–५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१–५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१–५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१–५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१– |
| बरुण यन्त्र जउमनपा | ०४१–५२००११ |
| बस पार्क | ०४१–५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१–५२००४४ |
| बुद्ध एयर | ०४१–५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१–५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१–५२०१५१ |
| जानकी केवुल | ०४१–५२३७२८ |
| शाह केबुल | ०४१–५२४७२२ |

# रगतमा चिनीको मात्रा बढ्न नदिने फल



काठमाडौं । मधुमेहबाट पीडित बिरामीका लागि रगतमा चिनीको मात्रा नियन्त्रणमा राख्नु निकै जरुरी छ ।

यस्ता बिरामीका मनमा प्रायः फलफूल खानु उपयुक्त छ कि छैन भन्ने प्रश्न उठिरहन्छ । धेरै मानिसहरू फलफूललाई गुलियो मानेर बेवास्ता गर्छन्, तर फलफूललाई पूरै बेवास्ता गर्नु उचित हुँदैन । सही फलफूल खानु र सही तरिकाले खानु तपाईंको स्वास्थ्यको लागि अत्यन्तै लाभदायक साबित हुन सक्छ । त्यसैले फलफूलहरू बुद्धिमानीपूर्वक छनोट गर्नु र सन्तुलित आहारमा समावेश गर्नु महत्त्वपूर्ण छ ।

*फलफूल किन महत्त्वपूर्ण छन् ?*

पोषणविद्हरूका अनुसार फलफूल स्वादको लागि मात्र होइन, पोषणका लागि पनि महत्त्वपूर्ण छन् । यसमा फाइबर, भिटामिन, खनिज र एन्टिअक्सिडेन्ट भरपूर मात्रामा पाइन्छन् । यी तत्त्वहरूले शरीरलाई भित्रबाट बलियो बनाउँछ र धेरै रोगहरूबाट बचाउन मद्दत गर्छन् । नियमित रूपमा फलफूल खाँदा शरीरमा सुन्निएको कम हुन्छ र रोग प्रतिरोधात्मक क्षमता बढ्छ ।

*कुन फलफूल उत्तम हुन्छ ?*

रगतमा चिनीको मात्रा सन्तुलित राख्न, फाइबर बढी र चिनी कम हुने फलफूलहरू छनोट गर्नु महत्त्वपूर्ण छ । आहारविद्हरूका अनुसार यस सन्दर्भमा केही फलफूललाई राम्रो मानिन्छ । यी फलफूलहरू बिस्तारै पच्छन् र रगतमा चिनीमा अचानक बढ्नबाट रोक्छन् । यी फलहरूमा समावेश छन् ।

- ब्ल्याकबेरी
- ब्लूबेरी
- रास्पबेरी
- अंजीर
- स्याउ
- स्ट्रबेरी
- किवी
- भोगटे

*फलफूल खाने सही तरिका*

फलफूल मात्रै खानुभन्दा यसलाई प्रोटिन वा स्वस्थ फ्याटसँग खानु राम्रो हुने चिकित्सकहरू बताउँछन् । सरल भाषामा भन्नुपर्दा फललाई नग्न कार्बोहाइड्रेटको रूपमा व्यवहार गर्नुहुन्न । फललाई दही, बदाम, बिया, चीज, वा पिनट बटरसँग खान सक्नुहुन्छ । यसले रगतमा चिनीको मात्रा कायम राख्न मद्दत गर्छ ।

*कति खाने ?*

फलफूल खानु जरुरी छ, तर खाँदा मात्राको बारेमा पनि ध्यान दिनु उत्तिकै महत्त्वपूर्ण छ । दिनमा एकदेखि दुई पटक फलफूल खानु ठीक हुन्छ । यसबाहेक जुसको सट्टा सम्पूर्ण सिंगै फल खानु बढी फाइदाजनक छ, यसमा फाइबर हुन्छ ।

*यी कुराहरू ध्यानमा राख्नुहोस्*

पहिले नै मधुमेह छ भने आफ्नो आहारमा कुनै परिवर्तन गर्नुअघि डाक्टर वा आहारविद्सँग परामर्श गर्नुहोस् । सबैको शरीरले फरक प्रतिक्रिया दिन्छ । सही फलफूल, सही मात्रा र सही समयमा, तपाईं तिनीहरूलाई डरबिना खान सक्नुहुन्छ र आफ्नो रगतमा चिनीलाई राम्रोसँग नियन्त्रण गर्न सक्नुहुन्छ ।

# नयाँ वेबसाइटहरूमध्ये एक तिहाइ एआई निर्मित : अध्ययन



सन् २०२२ यता सिर्जना गरिएका वेबसाइटहरूमध्ये करिब एक तिहाइ अर्थात ३५ प्रतिशत सामग्रीहरू एआईको सहयोगमा बनाइएका तथ्य सार्वजनिक भएको छ।

स्ट्यानफोर्ड युनिभर्सिटी, इम्पेरियल कलेज लन्डन र इन्टरनेट आर्काइभका अनुसन्धानकर्ताहरूले गरेको एक नयाँ अध्ययनले यस्तो तथ्य सार्वजनिक गरेको हो ।

सन् २०२२ को अन्त्यमा च्याटजीपीटी सार्वजनिक भएयता इन्टरनेटको डिजिटल परिदृश्यमा निकै तीव्र गतिमा परिवर्तन आएको र एआईले अनलाइन लेखनको शैलीलाई थप सकारात्मक, शिष्ट र कम शब्दमा धेरै कुरा भन्ने खालको बनाएको अनुसन्धानले देखाएको छ।

'द इम्प्याक्ट अफ एआई-जेनेरेटेड टेक्स्ट अन द इन्टरनेट' शीर्षकको यस अध्ययनले एआईका कारण इन्टरनेटमा झूटो जानकारी र भ्रम फैलिरहेको छ भन्ने आम धारणालाई भने चुनौती दिएको छ। अनुसन्धानकर्ताहरूले तथ्य जाँचकीहरू मार्फत गराएको परीक्षणमा एआईले प्रमाणित रूपमा गलत दाबीहरूमा उल्लेख्य वृद्धि नगरेको तर लेखनको भाषिक र शैलीगत विविधतामा भने कमी ल्याएको पाइएको छ।

धेरैजसो एआई मोडेलहरूले उस्तै र जेनेरिक शैलीमा लेख्ने भएकाले मानवीय सिर्जनात्मकता र मौलिक आवाजहरू हराउँदै गएर इन्टरनेट एकैनासको बन्ने जोखिम बढेको अध्ययनको निष्कर्ष छ। अनुसन्धान टोलीले अगस्ट २०२२ देखि मे २०२५ सम्मका वेबसाइटका नमुनाहरूलाई 'वेब्याक मेसिन' मार्फत संकलन गरी 'Pangram ख३' सफ्टवेयरको सहयोगमा यो विश्लेषण गरेको हो।

अबको मुख्य चुनौती इन्टरनेटलाई केवल एकैनासको र मेसिनरी मात्र नबनाई एआईलाई मानवीय सृजनात्मकताको साझेदारका रूपमा कसरी विकास गर्ने भन्ने रहेको अनुसन्धानकर्ताहरूले बताएका छन्।

हाल यो अध्ययन एउटा निश्चित समयको नतिजामा आधारित भए तापनि भविष्यमा इन्टरनेट आर्काइभसँग मिलेर यसलाई इन्टरनेटको निरन्तर अनुगमन गर्ने औजारका रूपमा विकास गर्ने योजना बनाइएको छ।

# अस्ट्रेलियामा विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु : ११ जना घाइते



क्यानबेरा (अस्ट्रेलिया) १६ वैशाख । दक्षिण अस्ट्रेलियाको एडिलेडको पाराफिल्ड एयरपोर्टमा अवतरण गर्ने क्रममा विमान दुर्घटना हुँदा दुई जनाको मृत्यु भएको स्थानीय मिडियाले जनाएका छन् । दुर्घटनामा परेर एक जना पाइलट र एक जना यात्रुको मृत्यु भएको बताइएको छ ।

दुर्घटनामा घाइते भएका अन्य ११ जनालाई उपचारका लागि अस्पतालमा लगिएको स्थानीय मिडियाले जनाएका छन् । आपतकालीन सेवाले घटनापछि उद्धार र राहतको लागि नजिकैको क्षेत्र खाली गरिएको प्रहरीले विज्ञप्तिमार्फत जनाएको छ । प्रहरीका अनुसार एक जना घाइतेलाई गम्भिर चोट लागेको थियो भने अन्यलाई सामान्य चोट पटक लागेको थियो ।

"उडानको केही समयपछि नै विमान विमानस्थल स्रोतसँग सम्पर्क विहिन भई दुखद दुर्घटनाग्रस्त भएको विमानस्थलका प्रमुख निरीक्षक एन्ड्र्यू स्याक्र्याकेनलाई उद्दृत गर्दै एबिसी न्यूजले जनाएको छ । दुर्घटना पछि बाक्लो कालो धुवाँ नजिकैको क्षेत्रमा फैलिएकाले अग्नि नियन्त्रक सेवाले प्रवावित क्षेत्रका मानिसलाई घरभित्रै बस्न सल्लाह दिएको छ । अस्ट्रेलियाली यातायात सुरक्षा ब्युरोले दुर्घटनाको अनुसन्धान सुरु गरिसकेको जनाएको छ । रासस/एएनआई

# पहिरोमा परी १३ भेडाबाख्रा मरे, ३८ बेपत्ता



बाजुरा, १६ वैशाख । बाजुरामा अविरल वर्षासँगै आएको बाढीपहिरोको कारण १३ भेडाबाखा मरेको र ३८ बेपत्ता भएका छन् । आज बिहान जिल्लाको जगन्नाथ गाउँपालिका वडा २ माथिल्लो हुनीमा अबिरल वर्षाको कारण पहिरो जाँदा गोठमा राखेका १३ भेडाबाखा मरेको ३८ बेपत्ता भएका हुन् ।

भेडाबाखा मर्ने र बेपत्ता हुनेमा जगन्नाथ गाउँपालिका-२, माथिल्लो हुनी बस्ने चैनबहादुर विष्टका ५४ मध्ये २ भेडाबाखा मरेको र ९ बेपत्ता भएका छन् । सोही गाउँका अमृत ल्वारका ५६ वटा भेडाबाखामध्ये ३ वटा भेडाबाखा मरेको र १४ वटा बेपत्ता भएका छन् ।

त्यसै गाउँका राजबहादुर विष्टका ४० वटा भेडाबाखामध्ये ५ भेडाबाखा मरेको र १० वटा अझै बेपत्ता भएका छन् । त्यसैगरी ऐनबहादुर विष्टका ९५ वटा भेडामध्ये ३ वटा मरेको र ५ वटा अझै बेपत्ता भएको जिल्ला प्रहरी कार्यालय बाजुराले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय बाजुराका सूचना अधिकारी नरेशबहादुर शाहीले, आज बिहान एक्कासि आएको बाढीपहिरोको कारण यहाँ एक दर्जन भन्दाबढी भेडाबाखा मरेको बताउनुभयो । उहाँले भन्नुभयो, "अहिले मरेको भेडाबाखाको मुचुल्का तयार पारेको छ ।"

भिरालो ठाउँमा बस्ती भएको र त्यसैमा भारी वर्षा भएकाले त्यहाँ पहिरो गएको थियो । त्यो पहिराले लेकमा गोठामा पहिरो गएर झण्डै लाखौको क्षति भएको शाहीले बताउनुभयो ।



# काठमाडौंमा हावाहुरीसहित वर्षा, साँझैदेखि अन्धकार



दैनिक समाचारदाता
काठमाडौं १६ वैशाख । काठमाडौं उपत्यकामा बुधवार साँझ हावाहुरीसहित वर्षा भएको छ । अचानक आएको हावाहुरी र पानीका कारण साँझ ५ बजेदेखि नै उपत्यकाका विभिन्न क्षेत्रमा अन्धकार छाएको देखिएको छ ।

जल तथा मौसम विज्ञान विभागअन्तर्गत मौसम पूर्वानुमान महाशाखाले दिउँसोदेखि नै हावाहुरीसहित वर्षा हुने पूर्वानुमान सार्वजनिक गरेको थियो । विभागले जनाएअनुसार काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा हावाहुरी र मेघगर्जनसहित पानी परिरहेको छ ।महाशाखाले बिहान ८ बजे जारी गरेको विशेष बुलेटिनमार्फत अपराह्न ४ बजेदेखि नै मौसम बदली भई हावाहुरी सुरु हुने जानकारी दिएको थियो । त्यसअनुसार साँझतिर उपत्यकामा तीव्र हावा चल्नुका साथै वर्षा भएको हो । मंगलबार सार्वजनिक गरिएको अर्को मौसम बुलेटिनमा पनि बुधबार साँझ ५:४५ बजेदेखि हावाहुरी सुरु हुने तथा बिहीबार बिहान ७:४५ बजेसम्म यसको प्रभाव रहने सम्भावना औंल्याइएको थियो ।

हावाहुरीका कारण केही स्थानमा विद्युत् आपूर्ति प्रभावित भएको तथा सडकमा आवतजावतमा समेत कठिनाइ भएको स्थानीयवासीले बताएका छन् । मौसमविद्हरूले आवश्यक सतर्कता अपनाउन, सुरक्षित स्थानमा बस्न तथा अनावश्यक रूपमा बाहिर ननिस्कन आग्रह गरेका छन् ।

# योग्यताका आधारमा नियुक्ति गरिन्छ : रवि लामिछाने



दैनिक समाचारदाता
काठमाडौं, १६ वैशाख । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले संवैधानिक निकायहरूमा रहेको रिक्तता पूर्ति गर्न सरकारले संवैधानिक परिषद्सम्बन्धी अध्यादेश राष्ट्रपति समक्ष सिफारिस गरेको बताएका छन् । उनले नियुक्ति प्रक्रियामा योग्य, सक्षम र प्रतिस्पर्धाबाट आएका व्यक्तिलाई प्राथमिकता दिइने स्पष्ट पारे ।

बुधबार सिंहदरबारमा सञ्चारकर्मीसँग कुरा गर्दै लामिछानेले संवैधानिक निकाय लामो समय खाली राख्न नसकिने भन्दै कानुनी रिक्तताको अन्त्य आवश्यक रहेको बताए । उनले आफन्त वा पहुँचका आधारमा नभई योग्य नेपाली नागरिकका लागि पदहरू खुला राखिने बताए । "हाम्रा आफन्त पनि योग्य हुन सक्छे, तर ती पद कुनै समूह वा परिवारका लागि होइन, सम्पूर्ण नेपालीका लागि हुन्," उनले भने ।

लामिछानेका अनुसार सरकारले मेरिटोक्रेसी अर्थात् योग्यता र क्षमताका आधारमा नियुक्ति प्रक्रिया अघि बढाउने तयारी गरेको छ । राजनीतिक पहुँच, परिवारवाद र आर्थिक चलखेलका आधारमा हुने नियुक्ति अन्त्य गर्ने सरकारको उद्देश्य रहेको उनको भनाइ थियो ।

उनले आवश्यक परे विगतका विवादास्पद नियुक्तिको पुनरावलोकन र पुनर्नियुक्तिको प्रक्रिया अपनाइने संकेतसमेत गरे ।

लामिछानेले सहकारी ठगीबाट पीडित नागरिकलाई तत्काल राहत दिन सरकारले सहकारीसम्बन्धी अध्यादेश ल्याएको पनि जानकारी दिए । दोषीको सम्पत्ति जफत गरेर भए पनि बचतकर्ताको रकम फिर्ता गरिनुपर्ने उनले बताए ।

"सहकारी पीडितलाई केवल आश्वासनले हुँदैन, उनीहरूलाई तत्काल राहत चाहिएको छ," उनले भने, "जनताको पैसा जतिसक्दो चाँडो फिर्ता हुनुपर्छ ।" अध्यादेशको उद्देश्य जनतालाई राहत दिने, सुशासन कायम गर्ने र रिक्त संरचनालाई योग्य व्यक्तिबाट पूर्णता दिने रहेको उनले बताए ।

# हावाहुरी पीडित परिवारलाई राहत वितरण



दैनिक समाचारदाता
सिरहा, १६ वैशाख । हावाहुरीबाट पीडित भएका लहान नगरपालिका-२१, क्लाबञ्जरका मुसहर समुदायलाई लहानका लायन्स क्लब सामुहिक रूपमा राहत वितरण गरिएको छ ।

लायन्स क्लब अफ फूलबारी, लायन्स क्लब अफ सिटी, लायन्स क्लब अफ सनसाइन र लायन्स क्लब अफ बुद्ध मिलेर पीडित भएक पच्चिस घर परिवारलाई प्रति परिवार चामल तीस किलोग्राम, आलु पाँच किलोग्राम, मटर दुई किलोग्राम, नुन दुई किलोग्राम, खानेतेल एक लिटर, ओछ्याउने र ओढ्याउने तन्ना एक पिस र गुन्द्री एक पिस वितरण गरिएको छ ।

लायन्स इन्टरनेसनल डिस्ट्रिक्ट ३२५ अन्तर्गतका लहानका चारवटै लायन्स क्लबले विपदमा परेका परिवारहरूलाई सहयोग गर्दै आइरहेको लायन्स क्लब अफ फूलबारीका अध्यक्ष काशिन्द्रप्रसाद यादवले बताउनुभयो ।

गएको वैशाख ५ गते आएको हावाहुरीबाट ४२ घर परिवार रहेको मुसहर समुदायमध्ये २५ घर परिवारको घरमा रहेको जस्तापाता उडाउनुको साथै घरमा रहेको खाने अन्न समेतको सङ्कटमा रहेका मुसहर समुदायलाई तत्कालै लहान नगरपालिकाले पहिलो चरणमा खाद्यान्न राहत वितरण गरिएको थियो ।

बेघर भएका दलित मुसहर समुदायको घर निर्माणका लागि आर्थिक सहयोग गरिने प्रतिबद्धता लहान नगरपालिका प्रमुख महेशप्रसाद चौधरी र लहान नगरपालिका वडा नम्बर २१ का वडाध्यक्ष राजकुमार यादवले गरेका पीडित सुरजा सदायले बताउनुभयो । त्यस बस्तीका मुसहर समुदाय सुकुमवासी रहेका छन् । वर्षात आउन लागेका पीडित मुसहर समुदायहरूले घर सुरक्षित घर निर्माणको लागि स्थानीय सरकार र सरोकार राख्ने सङ्घ संस्थासँग आग्रह गर्दै आइरहेका छन् ।

# उपसभामुख रुवी ठाकुर अस्पताल भर्ना



दैनिक समाचारदाता
काठमाडौं १६ वैशाख । उपसभामुख रुवीकुमारी ठाकुर अस्पताल भर्ना भएकी छन् । उनको प्रेसर घटेको र सुगर बढेकाले ललितपुरस्थित किस्ट अस्पताल भर्ना गरिएको श्रम संस्कृतिका सांसद आरेन राईले जानकारी दिए ।

उपसभामुख ठाकुरको पारिवारिक श्रोतले बुधबार टाउको दुखेपछि अस्पताल लगिएको र डाक्टरको सुझाव अनुसार भर्ना गरिएको जानकारी दिएको छ ।

## माइग्रेशन हराएको सूचना

घरबाट जनकपुरधाम आउने क्रममा बाटोमा हाम्रो माइग्रेशन सर्टिफिकेट सहितको कागजातहरु हराएकोले पाउनु हुने महानुभावहरु निम्न ठेगाना वा नजिकको प्रहरी चौकीमा पुर्‍याई सहयोग गरी दिन हुन हार्दिक अनुरोध गरिन्छ ।

नाम : प्रेक्षा सिंह
ठेगाना : जि.ध.क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ५
सिम्बल नं. : ३१७०२४९५
रजि नं. : ७४१७१७३३६
सम्पर्क नं. : ९८०१६१७९९९

## सार्वजनिक सेवा लिंदा ध्यान दिऔं ।

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात र प्रक्रिया पूरा गरौं,
- नागरिक वडापत्रका बारेमा जानकारी राखौं.
- आधिकारिक सेवाप्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं.
- सकेसम्म अनलाइनबाटै सेवा लिने र दिने गरौं,
- ज्येष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या भएमा सम्बन्धित निकायमा सम्पर्क गरौं.
- अनियमितता र भ्रष्टाचारविरुद्ध सम्बन्धित निकायमा उजुरी गरौं,

सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड






विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस,,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४